# विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धी वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०८१/८२)

**नेपाल राष्ट्र बैंक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

मंसिर २०८२

## पृष्ठभूमि

१. नेपालको आर्थिक विकास र वृद्धि तथा रोजगारी श्रृजनाका लागि विदेशी लगानी तथा विदेशी ऋण महत्वपूर्ण वित्तीय स्रोतहरु हुन् । यस प्रकारका लगानीका स्रोतहरुले नेपालको पुँजी अभावलाई पुरा गर्न सहयोग पुऱ्याउने र उद्यमको क्षेत्रमा आधुनिक प्रविधि एवम् नवीन विचारहरु समेत भित्र्याउने भएको हुँदा आर्थिक विकास र आर्थिक वृद्धि हासिल गर्न समेत मद्दत पुऱ्याउँछन् । नेपालले विदेशी लगानी र विदेशी ऋण आप्रवाहका लागि विभिन्न ऐन/नियम र कानूनहरु तर्जुमा गरेको छ । यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकले २०७८ जेठमा नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोमा आवश्यकता बमोजिम समयानुकुल थप परिमार्जन गर्दै मिति २०७८/०९/२७ मा पहिलो संशोधन, मिति २०७९/१०/०३ मा  दोस्रो संशोधन, मिति २०८०/१०/१० मा तेस्रो संशोधन र मिति २०८२/०२/१९ मा चौथो संशोधन गरेको छ ।

२. उक्त विनियमावलीको विनियम १३ ले विनियमावली बमोजिम भए गरेका सम्पूर्ण कार्यहरुलाई समेटेर अर्धवार्षिक रुपमा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसै अनुरुप आर्थिक वर्ष २०८१/८२ को पहिलो र दोस्रो अर्धवार्षिक अवधिहरुलाई समेट्ने गरी उक्त आर्थिक वर्षमा विदेशी लगानी तथा विदेशी ऋणको क्षेत्रमा यस बैंकबाट भए गरेका काम कारबाहीहरुको विवरण तथा तथ्याङ्कहरु सहित यो प्रतिवेदन तयार गरिएको छ ।

## विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धी कानूनी व्यवस्था

३. हाल विदेशी लगानी तथा विदेशी ऋणको सम्बन्धमा प्रचलित ऐनहरुमा मुख्य गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५; औद्योगिक व्यवसाय ऐन, २०७६; विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ र सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ रहेका छन् । यी ऐनहरुसँग सम्बन्धित विनियमावलीहरु विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७; औद्योगिक व्यवसाय नियमावली, २०७८; सार्वजनिक निजी साझेदारी तथा लगानी विनियमावली, २०७७; नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (चौथो संशोधनसहित) लगायत रहेका छन् । हाल विदेशी लगानीमा स्थापना हुने विभिन्न संस्थाहरुलाई स्वीकृति दिने विभिन्न निकायहरु तोकिएका छन् जस अनुसार बैंक तथा वित्तीय संस्था र यिनीहरुको शाखा कार्यालय खोल्न तथा संचालनको स्वीकृति नेपाल राष्ट्र बैंकले, विदेशी लगानीमा स्थापना हुने बीमा कम्पनीहरुको स्वीकृति बीमा प्राधिकरणले, विदेशी लगानीमा स्थापना हुने रेटिङ्ग एजेन्सीहरुको स्वीकृति नेपाल धितोपत्र बोर्डले तथा अन्य उद्योगहरुको स्वीकृति उद्योग विभागले प्रदान गर्ने प्रावधान रहेको छ ।

## विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धी प्रशासनिक व्यवस्था

४. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ तथा दफा ३८ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २३ मा एकल बिन्दु सेवा केन्द्रको स्थापना सम्बन्धी व्यवस्था गरिएको छ । उद्योग तथा लगानीकर्ताले पाउने सेवा, छुट, सुविधा, सहुलियत तथा प्रोत्साहन सरल एवं सहज प्रक्रियाबाट उपलब्ध गराउने र सरकारका विभिन्न निकायहरुबाट उद्योग स्थापना, दर्ता, बिस्तारदेखि बहिर्गमनसम्मका उद्योग प्रशासन सम्बन्धी कार्यहरु एकै स्थानबाट उपलब्ध हुने गरी सेवा प्रवाह गर्नको लागि हाल उद्योग विभागको परिसरमा रहने गरी नेपाल सरकारले २०७६ बैशाख १६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याएको छ ।

५ . एकल बिन्दु सेवा केन्द्र भित्र विभिन्न १४ वटा निकायहरुबाट प्रतिनिधित्व हुने गरी ८ वटा एकाइहरु रहने व्यवस्था गरिएको छ (**बक्स १**) । यी मध्ये विदेशी विनिमय सहजीकरण एकाइ यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागको एकल बिन्दु सेवा केन्द्रमा अवस्थित एउटा एकाइ रहेको छ । विदेशी विनिमय सहजीकरण एकाइले निश्चित रकमसम्मको विदेशी लगानी एवम् विदेशी ऋणको लेखाङ्कन गर्ने तथा सोसँग सम्बन्धित रकम विदेश फिर्ता लैजान स्वीकृति प्रदान गर्ने कार्य गर्नुको साथै सो निश्चित सीमाभन्दा अधिक हुन आउने निर्णयहरु तथा विदेशी लगानी एवम् विदेशी ऋण भित्र्याउने स्वीकृति प्रदान गर्ने लगायतका अन्य प्रशासनिक कार्यहरुको सन्दर्भमा आवश्यक निर्णय गराउनका लागि एकल बिन्दु सेवा केन्द्रको उद्देश्य बमोजिम सहजीकरण समेत गर्दै आएको छ (**बक्स २**) ।

**बक्स १ : एकल बिन्दु सेवा केन्द्रमा रहने एकाइ तथा निकायहरु**

| एकाई र निकायको संख्या | एकाइ र निकायहरुको नाम |
|---|---|
| एकाईहरु - ८ | १) उद्योग दर्ता एकाई, २) वातावरण एकाई, ३) विदेशी विनिमय सहजीकरण एकाई, ४) भिसा सहजीकरण एकाई, ५) पूर्वाधार एकाई, ६) जग्गा प्रशासन एकाई, ७) भन्सार तथा राजस्व एकाई र ८) प्रशासन तथा कानून एकाई |
| निकायहरु - १४ | १) उद्योग विभाग, २) कम्पनी रजिष्ट्रारको कार्यालय, ३) आन्तरिक राजस्व विभाग, ४) उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, ५) वन तथा वातावरण मन्त्रालय, ६) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, ७) अध्यागमन विभाग, ८) श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, ९) भन्सार विभाग, १०) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ११) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, १२) नेपाल राष्ट्र बैंक, १३) नेपाल विद्युत प्राधिकरण र १४) नेपाल दुरसञ्चार प्राधिकरण । |

**बक्स २ : एकल बिन्दु सेवा केन्द्रबाट सम्पादन हुने केही मुख्य कार्यहरु**

- उद्योगको दर्ता, अनुमति, ईजाजत, स्थापना, नवीकरण, कारोबार अनुमति, क्षमता बृद्धि र बर्हिगमन लगायतका कार्य गर्ने,
- विदेशी लगानीको स्वीकृति र रकम विदेश फिर्ता लैजाने स्वीकृतिको लागि सहमति दिने
- विदेशी लगानीकर्ता तथा कामदारलाई श्रम स्वीकृति र भिसा उपलब्ध गराउने,
- वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिको लागि आवश्यक सहजीकरण गर्ने,
- लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने,
- स्थायी लेखा नम्बर तथा आयात निर्यात संकेत नम्बर प्रदान गर्ने,
- निकासी अनुदान उपलब्ध गराउने,
- एकल बिन्दु सेवा केन्द्रले आफुले सम्पादन गर्नुपर्ने काममा सहयोग पुऱ्याउन केन्द्रका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत संयोजक रहने गरी कार्यटोली वा उपसमिति बनाई कार्य गर्ने गराउने ।

६. यस बाहेक विदेशी ऋणसम्बन्धी प्रशासनिक कार्यहरुको हकमा विदेशी लगानी भएको नेपाली उद्योगले विदेशबाट लिने ऋण भए एकल बिन्दु सेवा केन्द्रमा अवस्थित विदेशी विनिमय सहजीकरण एकाइले र उल्लेखित बाहेक अन्य उद्योग, कम्पनी, फर्म, संस्था तथा व्यक्तिहरुले विदेशबाट लिने ऋण भए यस

बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग अन्तर्गतको विदेशी लगानी फाँटले आवश्यक सहजीकरण र स्वीकृति तथा लेखाङ्कन गर्ने कार्य सम्पादन गर्ने गरेको छ ।

## विदेशी लगानी तथा विदेशी ऋणको स्थिति

७. आर्थिक वर्ष २०८१/८२ मा विदेशी लगानी स्वीकृत गर्ने निकायबाट विदेशी लगानीका लागि स्वीकृति प्राप्त गरेका विभिन्न उद्योगहरुले रु.७० अर्ब ९९ करोड बराबरको विदेशी मुद्रा विदेशी लगानी स्वरुप नेपाल भित्र्याउनका लागि पूर्व जानकारी गराएका छन् । अघिल्लो वर्ष सोही प्रकारका पूर्व जानकारी मार्फत यस बैंकलाई रु.७९ अर्ब ६ करोड बराबरको विदेशी मुद्रा भित्र्याउने जानकारी प्राप्त भएको थियो । **(तालिका १)**

८. नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (दोस्रो संशोधन) मार्फत शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानी बाहेक अन्य विदेशी लगानीको हकमा यस बैंकको पूर्वस्वीकृति लिन अनिवार्य नहुने र सो प्रकारको विदेशी लगानीका लागि नेपाल राष्ट्र बैंकलाई पूर्वजानकारी गराए पुग्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (चौथो संशोधन) ले देहायका अवस्थामा शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानीमा राष्ट्र बैंकको स्वीकृति आवश्यक अनिवार्य नहुने र सो प्रकारको विदेशी लगानीका लागि नेपाल राष्ट्र बैंकलाई पूर्वजानकारी गराए पुग्ने व्यवस्था गरिएको छ ।

(१) कायम रहेको नेपाली उद्योगमा कायम रहेका कुल नेपाली शेयरधनीहरुको शेयर धारण अनुपात नघट्ने गरी हुने विदेशी लगानी ।

(२) धितोपत्र बजारमा सूचीकृत कम्पनीमा हुने विदेशी लगानी ।

(३) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिमको रुग्ण उद्योग ।

देहायका अवस्थामा शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानीमा राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने छैन । सोको लागि उप-विनियम (१) र (२) को प्रक्रिया पु¥याई सम्बन्धित कम्पनी वा उद्योगको खातामा विदेशी लगानी बापतको रकम जम्मा हुनेछ ।

(३.१) कायम रहेको नेपाली उद्योगमा कायम रहेका कुल नेपाली शेयरधनीहरुको शेयर धारण अनुपात नघट्ने गरी हुने विदेशी लगानी ।

(३.२) धितोपत्र बजारमा सूचीकृत कम्पनीमा हुने विदेशी लगानी ।

(३.३) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिमको रुग्ण उद्योग ।

**(३.४) नेपाल राजपत्रमा मिति २०८०/०६/१५ मा प्रकाशित सूचनाबमोजिम स्वचालित मार्गबाट विदेशी लगानी गर्न सकिने उद्योगमा हुने विदेशी लगानी ।**

९. आर्थिक वर्ष २०८१/८२ मा यस बैंकबाट विभिन्न उद्योगहरुलाई ३३ पटकमा रु.८ अर्ब ४६ करोड बराबरको विदेशी मुद्रा विदेशी लगानी बापत भित्र्याउने स्वीकृति प्रदान गरिएको छ । त्यसैगरी, सोही अवधिमा १७ पटकमा रु.२३ करोड बराबरको विदेशी लगानी (विदेशी लगानी स्वीकृत गर्ने निकायबाट स्वीकृति लिएका तर नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी वापतको विदेशी मुद्रा भित्र्याउने स्वीकृति नलिएका उद्योगका) स्वीकृति समर्थन एवम् लेखाङ्कन गरिएको छ । अघिल्लो आर्थिक बर्ष २०८०/८१ मा यस बैंकबाट विभिन्न उद्योगहरुलाई २५ पटकमा रु.२ अर्ब ४८ करोड बराबरको विदेशी मुद्रा विदेशी लगानी बापत भित्र्याउने स्वीकृति प्रदान गरिएको थियो भने ११ पटकमा रु.१४ करोड बराबरको विदेशी लगानी (विदेशी लगानी स्वीकृत गर्ने निकायबाट स्वीकृति लिएका तर नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी वापतको विदेशी मुद्रा भित्र्याउने स्वीकृति नलिएका उद्योगका) स्वीकृति समर्थन एवम् लेखाङ्कन गरिएको थियो ।

नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (दोस्रो संशोधन) मा विदेशी लगानी स्वीकृत गर्ने निकायबाट स्वीकृति लिएका तर यस बैंकबाट स्वीकृति लिन छुट भएका लगानीकर्तालाई विदेशी लगानी समर्थन स्वीकृति प्रदान गर्ने म्याद २०८० पुस मसान्तसम्म थप गरिएकोमा मिति २०८०/१०/२६ मा जारी गरिएको नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली (तेस्रो संशोधन), मार्फत विदेशी लगानी गर्ने निकायबाट स्वीकृति लिएका तर यस बैंकबाट स्वीकृती लिन छुट भएका लगानीकर्ताहरुलाई विदेशी लगानी स्वीकृती प्रदान गर्ने म्याद २०८१ पुष मसान्तसम्म थप गरिएको  र मिति २०८२/०२/१९ मा जारी गरिएको नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली (चौथो संशोधन), मार्फत विदेशी लगानी गर्ने निकायबाट स्वीकृति लिएका तर यस बैंकबाट स्वीकृती लिन छुट भएका लगानीकर्ताहरुलाई विदेशी लगानी स्वीकृती प्रदान गर्ने म्याद २०८२ पुष मसान्तसम्म थप गरिएको थियो । **(तालिका १)**

**तालिका १ : नेपालमा विदेशी लगानी स्वीकृति तथा पूर्वजानकारीको स्थिति**

*(रु. करोडमा)*

| प्रयोजन | आ.व.२०७९/८० | | आ.व.२०८०/८१ | | आ.व.२०८१/८२ | | प्रतिशत परिवर्तन (%) |
|---|---|---|---|---|---|---|---|
| | स्वीकृति वा पूर्व जानकारीको संख्या | ने.रु. बराबरको हुने रकम | स्वीकृति वा पूर्व जानकारीको संख्या | ने.रु. बराबरको हुने रकम | स्वीकृति वा पूर्व जानकारीको संख्या | ने.रु. बराबरको हुने रकम | रकम |
| **१. विदेशी मुद्रा भित्र्याउन राष्ट्र बैंकलाई गरिने पूर्व जानकारी** | **१०४** | **२५२६.२** | **२८३** | **७९०६.३** | **९५९** | **७०९९.८** | **-१०.२०%** |
| **२. विदेशी लगानी बापत विदेशी मुद्रा भित्र्याउने स्वीकृति** | **७०** | **७२२.०** | **३६** | **२६२.८** | **५०** | **८६९.४१** | **२३०.७६%** |
| २.१ स्वीकृति | ४४ | ६१७.१ | २५ | २४८.६ | ३३ | ८४६.४२ | २४०.४४% |
| २.२ लगानी समर्थन* | २६ | १०४.९ | ११ | १४.२ | १७ | २२.९९ | ६१.५९% |
| **३. जम्मा ( १+२)** | **१७४** | **३,२४८.२** | **३१९** | **८,१६९.१** | **१,००९** | **७,९६९.२** | **-२.४५%** |

* विदेशी लगानी स्वीकृत गर्ने सम्बन्धित निकायबाट विदेशी लगानीको लागि स्वीकृति प्राप्त गरेको तर सो बापतको विदेशी मुद्रा भित्र्याउनको लागि यस बैंकको स्वीकृति नलिई भित्र्याइएका विदेशी लगानीका लागि यस बैंकद्वारा प्रदान गरिएको स्वीकृति तथा समर्थन

१०.आर्थिक वर्ष २०८१/८२ मा विभिन्न उद्योगहरुको कुल ९७ पटक गरी रु.११ अर्ब ३० करोड बराबरको विदेशी लगानी लेखाङ्कन गरिएको छ । अघिल्लो वर्ष यसै प्रकारले कुल १०५ पटक गरी रु.१० अर्ब २९ करोड बराबरको विदेशी लगानी लेखाङ्कन गरिएको थियो । **(तालिका २)**

## तालिका २ : विदेशी लगानी लेखाङ्कनको स्थिति

*(रु.करोडमा)*

| प्रयोजन | आ.व २०७९/८० | | आ.व २०८०/८१ | | आ.व २०८१/८२ | | प्रतिशत परिवर्तन (%) | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम | संख्या | रकम |
| **१. विदेशी लगानी लेखाङ्कन** | ८७ | ९२०.६ | १०५ | १०२९.२ | ९७ | ११३०.९ | -८ | ९.९८ |
| १.१ विदेशी लगानी बापत भित्रिएको विदेशी मुद्राको लेखाङ्कन | ७५ | ५११.३ | ९८ | ७३१.१ | ८६ | ८८९.४ | -१२ | २१.६५ |
| १.२ पुनर्लगानी (बोनस शेयर) लेखाङ्कन | १२ | ४०९.२ | ७ | २९८.० | ११ | २४१.५ | ५७ | -१८.९८ |

११. आर्थिक वर्ष २०८१/८२ मा विभिन्न उद्योग तथा कम्पनीहरुलाई कुल रु.६० अर्ब ९ करोड बराबरको विदेशी मुद्रा ऋण स्वरुप भित्र्याउनका लागि स्वीकृति प्रदान गरिएको छ। अघिल्लो वर्ष कुल रु. १९ अर्ब ४७ करोड बराबरको विदेशी मुद्रा भित्र्याउने स्वीकृति प्रदान गरिएको थियो। समीक्षा वर्षमा कुल विदेशी ऋण भित्र्याउने स्वीकृतिमा यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लिएको विदेशी ऋण ४६.५२ प्रतिशतले कमी भएको छ। (**तालिका ३**)।

## तालिका ३ : विदेशी ऋण भित्र्याउने स्वीकृतिको स्थिति

*(रु.करोडमा)*

| प्रयोजन | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | प्रतिशत परिवर्तन (%) |
|---|---|---|---|---|
| **१. विदेशी ऋण स्वीकृति** | ४,९७०.२ | १,९४७.४ | ६,००९.२ | २०८.५७ |
| १.१ बैंक तथा वित्तीय संस्थाले लिएको ऋण [२] | ४,४७०.२ | १,६१७.२ | ८,६५.० | -४६.५२ |
| १.२ अन्यले लिएको ऋण | ५००.० | ३३०.१ | ५,१४४.२ | १,४५८.०८ |

[२] यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लिएको विदेशी ऋण

१२. आर्थिक वर्ष २०८१/८२ मा विभिन्न उद्योग तथा कम्पनीहरुको कुल रु. ५४ अर्ब ८३ करोड बराबरको विदेशी ऋण लेखाङ्कन गरिएको छ। अघिल्लो वर्ष कुल रु. ५८ अर्ब ९६ करोड करोड बराबरको विदेशी ऋण लेखाङ्कन गरिएको थियो। (**तालिका ४**)

## तालिका ४ : विदेशी ऋण लेखाङ्कनको स्थिति

***(रु.करोडमा)***

| प्रयोजन | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | प्रतिशत परिवर्तन (%) |
|---|---|---|---|---|
| **१. विदेशी ऋण लेखाङ्कन** | १०,४५०.४ | ५,८९६.० | ५,४८३.१ | -७.०० |
| १.१ बैंक तथा वित्तीय संस्थाले लिएको ऋण लेखाङ्कन | ४,६७५.८ | ३,१५४.३ | ८२३.८ | -७३.८८ |
| १.२ अन्यले लिएको ऋण लेखाङ्कन | ५७७४.६ | २,७४१.६ | ४,६५९.३ | ६९.९५ |

१३. आर्थिक वर्ष २०८१/८२ मा विदेशी लगानी तथा ऋणसँग सम्बन्धित विभिन्न प्रकारका २४४ फिर्ता भुक्तानीहरुका लागि कुल रु.३३ अर्ब ६ करोड बराबरको सटही स्वीकृति प्रदान गरिएको छ । अघिल्लो वर्ष सोही प्रकारका फिर्ता भुक्तानीहरुका लागि कुल रु.२३ अर्ब १४ करोड बराबरको सटही स्वीकृति प्रदान गरिएको थियो । समीक्षा अवधिमा फिर्ता भुक्तानी रकममा ४२.९० प्रतिशतले बृद्धि भएको छ ।
विदेशी लगानी तथा ऋणसँग सम्बन्धित विभिन्न प्रकारका फिर्ता भुक्तानीमध्ये ठूलो अंश (१२१.२९ प्रतिशत) ओगट्ने साँवा तथा व्याज बापतको भुक्तानीमा १२९.२९ प्रतिशतले बृद्धि भई यस वर्षका लागि रु.८ अर्ब ६० करोड पुगेको छ । साथै, कुल फिर्ता भुक्तानी अन्तर्गत नगद लाभांश भुक्तानी २६.४२ प्रतिशतले बृद्धि भइ समीक्षा वर्षमा रु.१५ अर्ब ९० करोड पुगेको छ । त्यसैगरी प्रविधि हस्तान्तरण बापतको भुक्तानीमा अघिल्लो वर्षको तुलनामा १००.९९ प्रतिशतले बृद्धि भई रु.७ अर्ब ७५ करोड कायम भएको छ भने शेयर विकी भई भुक्तानी फिर्ता अघिल्लो वर्षको तुलनामा ७६.७१ प्रतिशतले कमी आई रु. ६५ करोड ५४ लाख पुगेको छ । **(तालिका ५)**

**तालिका ५ : नेपालमा विदेशी लगानी तथा विदेशी ऋणसँग सम्बन्धित फिर्ता भुक्तानीको स्थिति**

*(रु. करोडमा)*

| प्रयोजन | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | | आ.व.२०८१/८२ | | प्रतिशत परिवर्तन (%) रकममा |
|---|---|---|---|---|---|---|---|
| | स्वीकृति को संख्या | ने.रु. बराबरको हुने रकम | स्वीकृति को संख्या | ने.रु. बराबरको हुने रकम | स्वीकृति को संख्या | ने.रु. बराबरको हुने रकम | |
| **१. फिर्ता भुक्तानी** | २०९ | २,५७३.२ | २०७ | २,३१४.० | २४४ | ३,३०६.७ | ४२.९० |
| १.१ साँवा तथा ब्याज | १६ | ३५९.६ | १२ | ३८८.७ | १४ | ८६०.१ | १२१.२९ |
| १.२ नगद लाभांश | ४९ | १,७३३.४ | ४६ | १,२५७.९ | ६२ | १,५९०.३ | २६.४२ |
| १.३ प्रविधि हस्तान्तरण | १३७ | २६४.२ | १४३ | ३८५.९ | १६० | ७७५.७ | १००.९९ |
| १.४ शेयर बिक्री | ७ | २१५.८ | ६ | २८१.४ | ६ | ६५.५ | -७६.७१ |
| १.५ अन्य [५] | - | - | - | - | २ | १४.९ | - |

[५] विनिमय दरको उतार चढाव लगायतका कारणले गर्दा स्वीकृत सीमाभन्दा केही अधिक हुने गरी भित्रिएको विदेशी लगानी बापतको विदेशी मुद्राको फिर्ता भुक्तानी स्वीकृति, स्वीकृत विदेशी ऋणसँग सम्बन्धित विभिन्न प्रकारका शुल्कहरुको भुक्तानी, आदि ।

# Annex: Foreign Investment and Foreign Loan Statistics For Nepal

## Annex 1:

## Pre-notification and Approval for Foreign Investment Inflow

Amount in Million

| Particulars | 2022/23 (Equivalent NPR) | 2023/24 (Equivalent NPR) | 2024/25 (Equivalent NPR) | Percentage Change (%) |
|---|---|---|---|---|
| **1. Pre-Notification For Foreign Investment Inflow [1]** | **25,262.5** | **79,063.4** | **70,998.7** | **-10.20** |
| **2. Approval for Foreign Investment Inflow** | **7,220.5** | **2,628.5** | **8,694.1** | **230.76** |
| 2.1 Approval (SPA/SSA) | 6,171.2 | 2,486.3 | 8,464.2 | **240.44** |
| 2.2 Acceptance or Ratification [2] | 1,049.2 | 142.3 | 229.8 | **61.59** |
| **3. Total (1+2)** | **32,483.0** | **81,691.5** | **79,692.8** | **-2.45** |

***Explanatory Notes:***

1. *NRB Foreign Investment and Foreign Loan Management ByLaw, 2078(Second Amendment) was brought into effect on 2021.05.31 (2078.02.17) after which NRB's approval (mandatory before this) was no longer required to bring in certain types of foreign investments, i.e. those which do not involve proportionate change in foreign investment receipient industry's shareholding structure (e.g in greenfield Foreign Investment). Instead, pre-notification to NRB would be adequate to remit Foreign Investment money into Nepal*
2. *Acceptance or Ratification refers to post transaction acceptance or ratification of foreign currency brought into Nepal as foreign equity investment without the approval of NRB (but after foreign investment approval by relevant approving authority). NRB Foreign Investment and Foreign Loan Management ByLaw, 2078 (fourth Amendment) has given the timeframe to apply for ratification and recording of equity investment till 2082 Poush*

## Annex 2:

## Foreign Investment Recording

Amount in Million

| Particulars | 2022/23 (Equivalent NPR) | 2023/24 (Equivalent NPR) | 2024/25 (Equivalent NPR) | Percentage Change (%) |
|---|---|---|---|---|
| Recording of FDI Inflow | 5,113.6 | 7,311.8 | 8,894.9 | 21.65 |
| Recording of Bonus Share | 4,092.9 | 2,980.7 | 2,415.01 | -18.98 |
| **Total Foreign Investment Recording** | **9,206.5** | **10,292.5** | **11,309.9** | **9.88** |

## Annex 3:
## Foreign Loan Approval

Amount in Million

| Particulars | 2022/23 (Equivalent NPR) | 2023/24 (Equivalent NPR) | 2024/25 (Equivalent NPR) | Percentage Change (%) |
|---|---|---|---|---|
| Borrowing By BFIS from ECB | 44,702.9 | 16,172.9 | 8,649.9 | -46.52 |
| Borrowing by others | 4,999.9 | 3,301.6 | 51,442.2 | 1458.08 |
| **Foreign Loan Approval** | **49,702.8** | **19,474.5** | **60,092.1** | **208.57** |

## Annex 4:
## Foreign Loan Recording

Amount in Million

| Particulars | 2022/23 (Equivalent NPR) | 2023/24 (Equivalent NPR) | 2024/25 (Equivalent NPR) | Percentage Change (%) |
|---|---|---|---|---|
| Recording of BFIS from ECB | 46,758.6 | 31,543.8 | 8,238.0 | -73.88 |
| Recording of Others | 57,746.1 | 27,416.7 | 46,593.5 | 69.95 |
| **Foreign Loan Recording** | **104,504.6** | **58,960.4** | **54,831.5** | **-7.00** |

## Annex 5:
## Repatriation Related to Foreign Investment and Foreign Loan

Amount in Million

| Particulars | 2022/23 (Equivalent NPR) | 2023/24 (Equivalent NPR) | 2024/25 (Equivalent NPR | Percentage Change (%) |
|---|---|---|---|---|
| **Principal and Interest** | **3,596.1** | **3,887.0** | **8,601.5** | **121.29** |
| **Cash Dividend** | **17,334.7** | **12,579.4** | **15,903.0** | **26.42** |
| **Technology Transfer** | **2,642.5** | **3,859.5** | **7,757.3** | **100.99** |
| **Equity Sale** | **2,158.5** | **2,814.7** | **655.4** | **-76.71** |
| **Others** | **-** | **-** | **149.0** | |
| **Total Repatriation** | **25,731.8** | **23,140.5** | **33,067.3** | **42.90** |

# Annex 6:
# Total Record of Foreign Investment & Foreign Loan in Nepal

Rs. in Million

| Particulars | Upto Mid July2024 | During Fiscal Year 2024/25 | Upto Mid July 2025 |
|---|---|---|---|
| **1. Approval for Foreign Investment** | **319,119.30** | **79,692.90** | **398,812.20** |
| **2. Foreign Investment Recording** | **138,334.70** | **11,309.90** | **149,644.60** |
| **3. Foreign Loan Approval** | **379,110.90** | **60,092.10** | **439,203.00** |
| 3.1 Borrowing by Non-BFIs | 246,539.90 | 51,442.20 | **297,982.10** |
| 3.2 Borrowing by BFIs | 132,571.00 | 8,649.90 | **141,220.90** |
| **4. Foreign Loan Recording** | **259,923.70** | **54,831.50** | **318,884.10** |
| 4.1 Recording of Non-BFIs | 149,695.90 | 46,593.50 | **196,289.40** |
| 4.2 Recording of BFIs | 110,227.90 | 8,238.00 | **118,465.90** |
| **5. Repatriation** | **245,009.30** | **33,067.30** | **278,076.60** |
| 5.1 Principal and Interest | 32,067.40 | 8,601.50 | **40,668.90** |
| 5.2 Cash Dividend | 180,992.60 | 15,903.00 | **196,895.60** |
| 5.3 Technology Transfer | 15,970.20 | 7,757.30 | **23,727.50** |
| 5.4 Equity Sale | 10,113.00 | 655.40 | **10,768.40** |
| 5.5 Others | 5,866.40 | 149.90 | **6,016.30** |

**Notes:**

1. Data pertaining to approval (including pre-notification), recording and repatriation are significantly different in nature and therefore might not be directly comparable.

2. The system of Pre-notifying the NRB to bring in foreign investment (in certain cases) was introduced on 2021 May after which NRB's approval (mandatory before this) was no longer required for foreign investments which did not involve proportionate change in foreign investment receipient industry's Nepalese shareholding structure (e.g in greenfield Foreign Investment). Therefore, for a more accurate comparison over time of the amount of FCY inflows administered by the NRB pertaining to approved foreign investment, it seems necessary to compare the totality of foreign investment (inflow) approvals as well as NRB pre-notification for foreign investment inflow.

3. In case of foreign investment which involves investment made at a premium (compared to the face or par value per share), foreign investment (inflow) approval data reflects the transaction price (i.e. par value plus premium). However, recording data for the same reflects only the total value based on face or par value per share. This is because of the format of the recording table used by NRB which primarily records the number of shares (at par value) and keeps record of the premium paid for foreign investment in footnote.